# स्थानीय राजपत्र


कागेश्वरी मनोहरा नगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः १२ मितिः २०८३।१।९


**भाग — २**

## कागेश्वरी मनोहरा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डाँछी, काठमाडौं, बागमती प्रदेश, नेपाल

# छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०

**कागेश्वरी मनोहरा नगरपालिकाको**

**छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०**

**प्रस्तावना**: कागेश्वरी मनोहरा नगरपालिकामा स्थायी बसोबास गर्ने नगरबासीलाई उच्च शिक्षा अध्ययन गर्नका लागि प्रोत्साहन गरी अध्ययनमा सहजता पुऱ्याउन स्नातक तहमा अध्ययनरत गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्रदान गरिने छात्रवृत्ति वा आंशिक छात्रवृत्ति कार्यक्रमलाई नियमित तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

कागेश्वरी मनोहरा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ०४ र नगर शिक्षा ऐन २०७५ को दफा ३९ बमोजिम कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिकः**

१. **संक्षिप्त नाम र प्रारम्भ**:(१) यस कार्यविधिको नाम "कागेश्वरी मनोहरा नगरपालिकाको छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "ईन्जिनियरिङ" भन्नाले ईन्जिनियरिङ मूल विषय लिई अध्ययन गर्ने सिभिल मेकानिकल आर्किटेक्चर लगायतका इन्जिनियरिङ काउन्सिलमा दर्ता हुने विषयहरूलाई सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(घ) "कृषि विषय" भन्नाले स्नातक तहमा कृषि वा पशु विज्ञान मूल विषय लिई अध्ययन गर्ने विएस्सीलाई सम्झनुपर्दछ ।

(ङ) "चिकित्सा शास्त्र" भन्नाले एम.बी.बि.एस., बि.डि.एस., बी.एस्सी नर्सिङ्ग., बी. एन. नर्सिङ विएस्सी मिडवाईफरी लगायतका चिकित्सा शिक्षा आयोगले प्रवेश परीक्षा सञ्चालन गरेका वा गर्ने विषयलाई सम्झनुपर्दछ ।

(च) "छात्रवृत्ति" भन्नाले उच्च शिक्षा तर्फ कुनै अध्ययन अनुसन्धान वा प्रशिक्षणका लागि कागेश्वरी मनोहरा नगरपालिकाले उपलब्ध गराएको अनुदान वा सुविधा वा यस नगरपालिकालाई अन्य तह तथा निकायले उपलब्ध गराएको अनुदान वा सुविधा वा प्राविधिक सहायतालाई सम्झनु पर्दछ । र सो शब्दले आंशिक छात्रवृत्तिलाई समेत जनाउनेछ ।

(छ) "छात्रवृत्ति कोष" भन्नाले नगरपालिकाले स्थापना गर्ने माध्यमिक तथा उच्च शिक्षा छात्रवृत्ति कोषलाई जनाउनेछ ।

(ज) " छात्रवृत्ति छनोट समिति" भन्नाले दफा ७ बमोजिम गठन हुने समितिलाई सम्झनु पर्दछ ।

(झ) "जेहेन्दार विद्यार्थी" भन्नाले नगरपालिकामा आंशिक छात्रवृत्तिको लागि आवेदन दिएका विद्यार्थीहरुमध्ये न्यूनतम शैक्षिक योग्यतामा उच्चतम् प्राप्ताङ्क प्रतिशत हासिल गरेको वा अक्षराङ्कन पद्दतिमा उच्चतम ग्रेड पोईन्ट एभरेज प्राप्त गरेको विद्यार्थीलाई सम्झनु पर्दछ।

(ञ) "नगरपालिका" भन्नाले कागेश्वरी मनोहरा नगरपालिका सम्झनु पर्दछ।

(ट) "निर्वाह खर्च" भन्नाले सम्बन्धित तहको अध्ययन पश्चात सरकारी सेवामा रहदा पाउने मासिक तलव स्केलको पचास प्रतिशत रकमलाई सम्झनु पर्दछ।

(ठ) "बन विज्ञान विषय" भन्नाले स्नातक तहमा बन वा वातावरण मूल विषय लिई अध्ययन गर्ने विएस्सीलाई सम्झनुपर्दछ।

(ड) "विपन्न" भन्नाले आर्थिक रुपमा कमजोर भएको परिवारको सदस्य हो भनी सम्बन्धित वडा शिक्षा समितिले गरेका सिफारिस अनुसारको विद्यार्थीलाई सम्झनु पर्दछ।

(ढ) "सभा" भन्नाले कागेश्वरी मनोहरा नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(ण) "साधारण विषय" भन्नाले स्नातक तहमा विज्ञान तथा प्रविधि, शिक्षाशास्त्र, वाणिज्य शास्त्र, कानून र मानविकी तथा कलाशास्त्र तर्फका विषयलाई सम्झनुपर्दछ।

(त) "स्थायी बासिन्दा" भन्नाले यस नगरपालिकाको वडा नं. १ देखि वडा नं. ९ सम्म स्थायी बासिन्दा वा यसै नगरपालिकाको मतदाता सूचीमा आमाबाबुको नाम भएको वा यसै नगरपालिकाको ठेगाना कायम भएको नागरिकता प्राप्त भएको वा स्थायी रूपमा बसाईसराई गरी यस नगरपालिकामा बसोबास गरेको व्यक्तिलाई सम्झनुपर्दछ।

## परिच्छेद-२
## छात्रवृत्ति कोषको स्थापना र वितरणको मापदण्ड तथा आधार

३. **छात्रवृत्ति कोषको स्थापना:** (१) माध्यमिक तथा उच्च शिक्षा अध्ययन गर्ने गरिव तथा जेहन्दार नगरवासीको अध्ययनमा सहयोग पुराउन नगरपालिकाले छात्रवृत्ति कोष स्थापना गरी निश्चित रकम बैङ्क खातामा अक्षयकोषमा जम्मा गर्न सक्नेछ। यसरी स्थापना हुने कोषमा नगरपालिकाले नगरसभाको निर्णय अनुसार सालबसाली रकम थप गर्न सक्नेछ।

(२) उपदफा (१) अनुसार स्थापना भएको छात्रवृत्ति कोषको साँवा रकम खर्च नगरी सोबाट प्राप्त हुने व्याजबाट नगरकार्यपालिकाको निर्णयका आधारमा नगरपालिकाले छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

(३) प्रत्येक आर्थिक बर्षका लागि नगरसभाले छात्रवृत्तिका लागि विषयगत रूपमा सिट सङंख्या र छात्रवृत्ति रकम तोकेको आधारमा छात्रवृत्ति उपलब्ध गराउन सकिनेछ।

तर यो कार्यविधि लागू भएपछि पहिलो पटक कार्यपालिका बैठकबाट लागत रकमको स्रोत सुनिश्चित गरी विषयगत सिट सङ्ख्या र विषयगत आंशिक छात्रवृत्ति दर तोक्न सक्नेछ।

४. **छात्रवृत्ति वितरणको मापदण्ड:**(१) प्रत्येक बर्ष नगरसभाले छात्रवृत्तिका लागि विषयगत रूपमा सिट सङंख्या तोक्न छ तर यस आर्थिक बर्षको स्वीकृत कार्यक्रम कार्यपालिका बैठकबाट लागत रकमको स्रोत सुनिश्चित गरी विषयगत सिट सङ्ख्या र आंशिक छात्रवृत्ति दर तोक्ने सक्नेछ।

(२) नेपाल सरकार मातहतका राष्ट्रिय परिक्षा बोर्ड वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले सञ्चालन गरेको कक्षा १२ वा सो सरहको परीक्षा उत्तीर्ण गरी नेपालको कुनै विश्व विद्यालय वा सो अन्तर्गतका शैक्षिक संस्थामा स्नातक तहमा भर्ना भएका नगरका स्थायी बासिन्दाबाट अनुसूची १ बमोजिम दरखास्त माग गर्ने छ ।

(३) उपदफा (२) अनुसार आंशिक छात्रवृत्तिका लागि नगरपालिकाले दरखास्त माग गरेको समयमा तोकिएका कागज प्रमाण सहित रित पूर्वक दरखास्त पेस गरेका उम्मेद्वारहरूमध्येबाट मात्र छात्रवृत्तिका लागि उम्मेद्वार छनोट गरिनेछ ।

(४) उपदफा (३) अनुसार छात्रवृत्तिलाई समावेशी बनाउन आरक्षण गरिएको विषयगत सिटमा तोकिएको समयमा दरखास्त पेस गर्ने उम्मेद्वारहरूमध्ये पचपन्न प्रतिशत सिट जेहेन्दार विद्यार्थीका लागि छुट्याइने छ र पैतालीस प्रतिशत सिट गरिब तथा आर्थिक रूपले विपन्न परिवारका विद्यार्थीका लागि आरक्षण गरिनेछ ।

(५) उपदफा (४) अनुसार गरिब तथा विपन्नका लागि छुट्याईएको पैंतालीस प्रतिशत सिटलाई शतप्रतिशत मानी सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका आर्थिक रूपले विपन्न समुदायका व्यक्तिलाई देहायको आधारमा वितरण गरिनेछ ।

तर आरक्षण गरिएको स्थानमा सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका विपन्न समुदायका व्यक्ति उपलब्ध नभएमा नेपाल भित्रका अन्य विद्यालयबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका सोही समुदायका व्यक्तिलाई आरक्षित स्थान प्रदान गरिनेछ।

(क) महिला-पचास प्रतिशत

(ख) आदिवासी/जनजाति-सत्ताइस प्रतिशत

(ग) दलित–अठार प्रतिशत

(घ) अपाङ्ग तथा सहिद परिवार-पाँच प्रतिशत

५. **छात्रवृत्ति वितरणको आधारः** (१) दफा ४ अनुसार छुट्टाइएको विषयगत सिट/कोटामा रित पूर्वक पेस भएका अनुसूची १ बमोजिमका दरखास्तमध्येबाट छात्रवृत्ति वा आंशिक छात्रवृत्तिका लागि देहायका आधारमा उम्मेद्वार छनोट हुनेछ ।

क) स्नातक तहमा रित पूर्वक भर्ना भई अध्ययनरत हुनु पर्ने,

ख) चिकित्साशास्त्र तर्फका विषय अध्ययनका लागि चिकित्सा शिक्षा आयोगले सञ्चालन गरेको प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । अन्य विषयका हकमा सम्वन्धित विश्वविद्यालय वा विश्वविद्यालयको नियमानुसार शैक्षिक संस्थाले सञ्चालन गरेको प्रवेश परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

ग) विषयगत रूपमा छुट्याइएको कोटा भन्दा रित पूर्वक पेस भएका दरखास्त सङ्ख्या बढी भएमा कक्षा १२ को परीक्षामा बढि ग्रेड पोईन्ट एभरेज हासिल गरेका उम्मेद्वारलाई छनोट गरिनेछ । तर, कक्षा १२ को परीक्षामा बराबर ग्रेड पोईन्ट एभरेज हासिल गरेका भए

(अ) चिकित्सा शास्त्रका विषयको हकमा चिकित्सा शिक्षा आयोगको योग्यताक्रममा अगाडि रहेको उम्मेद्वारलाई छनोट गरिनेछ ।

(आ) अन्य विषयका हकमा स्नातक तहको प्रवेश परीक्षा सञ्चालन गर्ने विश्वविद्यालय एउटै भएमा सोको योग्यताक्रममा अगाडि रहेको उम्मेद्वारलाई छनोट गरिनेछ ।

(इ) माथि खण्ड (आ) बमोजिम प्रवेश परीक्षा सञ्चालन गर्ने विश्वविद्यालय एउटै नभएमा वा फरक फरक भएमा क्रमश अपाङ्गता भएका उम्मेद्वारलाई, दलित समुदायका उम्मेद्वारलाई, महिला उम्मेद्वारलाई छनोट गरिनेछ।

(ई) माथि खण्ड (इ) बमोजिम एउटै समूहको उम्मेद्वार भएमा सामुदायिक विद्यालयबाट एसइइ परीक्षा उत्तीर्ण उम्मेद्वारलाई छनोट गरिनेछ। एसइइ परीक्षा उत्तीर्ण विद्यालय सामुदायिक विद्यालय नै भएमा बढि ग्रेड पोईन्ट एभरेज हासिल गर्ने उम्मेद्वारलाई छनोट गरिनेछ।

(उ) माथि खण्ड (ई) बमोजिम एसइइ परीक्षाको ग्रेड पोईन्ट एभरेज समेत बराबर भएमा पछिल्लो जन्म मिति भएका उम्मेद्वारलाई छनोट गरिनेछ। सो समेत एउटै भएमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै व्यहोरा उल्लिखित भएतापनि नगरपालिकालाई कुनै संस्था निकाय तथा तहले उपलब्ध गराएको आंशिक छात्रवृत्तिका हकमा उक्त संस्थाले तोकेको आधार लागु हुनेछ।

६. **छात्रवृत्ति रकमः** (१) यस नगरपालिकाको आन्तरिक स्रोतबाट उच्च शिक्षा अध्ययनका लागि आंशिक छात्रवृत्ति रकम उपलब्ध गराउदा न्यूनतम् रू २००००। (अक्षेरूपि बीस हजार) देखि बढीमा अध्ययनका लागि सम्वन्धित विश्वविद्यालय वा आयोगले तोकेको शुल्कको १० प्रतिशत रूपैयासम्म नगर कार्यपालिकाको निर्णय अनुसार आंशिक छात्रवृत्ति रकम उपलब्ध गराईनेछ।

(२) उपदफा (१) अनुसार एक पटक आंशिक छात्रवृत्ति रकम उपलब्ध गराएपछि पुन सोही तह तथा विषय अध्ययन गर्न सोही उम्मेद्वारलाई छात्रवृत्ति उपलब्ध गराइनेछैन।

(३) उपदफा (१) बमोजिम उपलब्ध गराईने रकममध्ये अध्ययनको पहिलो बर्षमा ५० प्रतिशत र बाँकी रकम क्रमशः पहिलो र दोस्रो बर्षको नतिजाको आधारमा दोस्रो र तेस्रो बर्षमा उपलब्ध गराइनेछ।

(४) यस कार्यविधि अनुसार आंशिक छात्रवृत्तिमा छनोट हुने उम्मेद्वारले अनुसूची २ बमोजिम सेवा गर्ने कवुलियतनामा गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कबुलियतनामा गर्ने उम्मेद्वारले अध्ययन समाप्त भएको मितिले ३ महिना भित्र नगरपालिकामा सम्पर्क गर्नु पर्ने छ।

(६) उपदफा (५) बमोजिम अध्ययन समाप्त भए पश्चात सम्पर्कमा आएको मितिबाट ६ महिना भित्र निजबाट नगरपालकाले निर्वाह खर्च उपलब्ध गराउने गरी बढीमा ६ महिना सेवा लिन सक्नेछ।

## परिच्छेद-३
## छात्रवृत्ति छनौट समिति गठन तथा काम कर्तव्य र अधिकार

७. **छात्रवृत्ति छनौट समितिः** (१) यस कार्यविधि बमोजिम वितरण हुने छात्रवृत्ति वा आंशिक छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्न देहाय बमोजिमको एक छनोट समिति रहनेछ।

(क) नगर प्रमुख- संयोजक

(ख) नगर उपप्रमुख- सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

(घ) संयोजकले तोकेको कार्यपालिका सदस्यमध्येबाट १ जना - सदस्य

(ङ) शिक्षा तथा खेलकुद शाखा प्रमुख- सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य

(छ) शिक्षा अधिकृत– सदस्य-सचिव

**७. छात्रवृत्ति छनौट समितिको काम कर्तव्य र अधिकार:** (१) छात्रवृत्ति छनोट समितिले छात्रवृत्ति वा आंशिक छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्दा देहायको प्रक्रियाहरु अपनाउनेछ।

(क) छात्रवृत्ति कार्यक्रममा सहभागी हुने उम्मेद्वारका लागि आवश्यक कागजात सहित दरखास्त आव्हान गर्ने सार्वजनिक सूचना प्रकाशित गर्ने,

(ख) छात्रवृत्तिका लागि पेस हुने दरखास्त र सो साथ सम्लग्न हुने कागज प्रमाण छानविन गर्ने,

(ग) नगरपालिकाले स्वीकृत गरेको विषयगत कोटा सिट सङ्ख्यालाई यस कार्यविधि अनुसार समूहगत सिट सङ्ख्या निर्धारण गर्ने

(घ) दरखास्त माग गर्नु पूर्व विषय अनुसार आरक्षण सिट निर्धारण गरी सो समेत उल्लिखित सूचना तयार गर्ने

(ङ) दरखास्त पेस गर्नुपर्ने अन्तिम म्याद सहित सो साथ पेस गर्नु पर्ने आवश्यक कागज प्रमाण निर्धारण गर्ने

(च) रित पूर्वक पेस भएका दरखास्त र सोसाथ सम्लग्न कागज प्रमाण रूजु यकिन गरी छात्रवृत्तिका लागि उम्मेद्वार छनोट गरी मनोनयनका लागि कार्यपालिकामा सिफारिस गर्ने

(छ) छात्रवृत्ति कोषबाट आर्जन हुने व्याजका आधारमा विषयगत रूपमा उपलब्ध गराउने छात्रवृत्ति सिट र विषयगत आंशिक छात्रवृत्ति रकम निर्धारण गर्ने।

(ज) रित पूर्वक पेस गरेका दरखास्तमध्येबाट यस कार्यविधिमा तोकिएको प्रकृया अनुसार योग्यताक्रम निर्धारण गरी छात्रवृत्तिमा मनोनयनका लागि नगरकार्यपालिकामा सिफारिस गर्ने।

(२) छात्रवृत्ति व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित बनाउन नगर कार्यपालिकालाई आवश्यक राय सुझाव पेस गर्ने।

## परिच्छेद-४
## विविधः

**८. छात्रवृत्ति वा आंशिक छात्रवृत्तिको लागि निवेदन दिंदा संलग्न गर्नुपर्ने कागजातहरु:**(१) छात्रवृत्तिका लागि दरखास्त पेश गर्दा उम्मेद्वार स्वयम् ले प्रमाणित गरी तपसिलका कागजातहरु पेस गर्नुपर्ने छः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(ख) स्नातक तहमा भर्नाका लागि आधिकारिक संस्थाले लिएको प्रवेश परीक्षाको स्कोर कार्ड

(ग) सम्बन्धित शैक्षिक संस्थामा भर्ना भएको प्रमाण

(घ) सम्बन्धित शैक्षिक संस्थामा नियमित अध्ययनरत रहेको पत्र र आंशिक छात्रवृत्ति को लागि सिफारिस

(ङ) कागेश्वरी मनोहरा नगरपालिकाको स्थायी बासिन्दा भएको प्रमाण

(च) सम्बन्धित शैक्षिक योग्यताका प्रमाणपत्रहरूका प्रतिलिपि

(छ) आरक्षण गरिएको सिटमा दरखास्त पेस गर्ने उम्मेद्वारले सम्बन्धित वडाले प्रदान गरेको अनुसूची ३ बमोजिमकोआर्थिक रूपले विपन्न भएको सिफारिस

(ज) महिला बाहेकका आरक्षित सिटमा दरखास्त पेस गर्नेले आफू सम्बन्धित समूहमा पर्ने आधिकारिक निकायले जारी गरेको प्रमाणपत्रको प्रतिलिपि

**८. छात्रबृत्ति सुविधा एक पटकका लागि मात्र लागू हुने**:(१) यस कार्यविधि बमोजिम प्रदान गरिने छात्रबृत्ति एक व्यक्तिलाई एक पटक मात्र प्रदान गरिनेछ । साथै यस नगरपालिकाबाट प्रदान गरिने छात्रबृत्ति यस कार्यविधि बमोजिमको प्रक्रिया पूरा गरेर मात्र प्रदान गरिनेछ ।

**९. बाधा नपर्ने**: (१) यस कार्यविधिको दफा ३ मा उल्लेखित छात्रवृति रकम प्रदान गर्दा एक भन्दा बढी विद्यार्थीको समान अङ्क देखिएमा वा अन्य कारणले थप सङ्ख्यामा आंशिक छात्रवृत्ति उपलब्ध गराउन उपयुक्त देखिएमा नगरकार्यपालिकाको बैठकको निर्णयले विषयगत रुपमा प्रदान गरिने आंशिक छात्रवृत्ति रकममा नबढ्ने गरी दामासाहीरुपमा आंशिक छात्रवृत्ति प्रदान गर्न बाधा परेको मानिने छैन ।

**९. लागु हुने**: (१) नगरसभाले कार्यक्रम तथा बजेट विनियोजन स्वीकृत गरेका आर्थिक बर्षका लागि मात्र यस कार्यविधि बमोजिम छात्रवृत्ति वा आंशिक छात्रवृत्ति उपलब्ध गराइनेछ ।

**१०. कार्यविधिमा संशोधन**: (१) यस कार्यविधिमा संशोधन गर्नुपर्ने भएमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

## अनुसूची - १

## दफा ३ को उपदफा (१) सँग सम्बन्धित

**कागेश्वरी मनोहरा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, काठमाडौं**
**आंशिक छात्रवृत्ति आवेदन फाराम**

१. विद्यार्थीको नाम थरः (देवनागरिकमा) (अङ्ग्रेजी)

२. स्थायी ठेगानाः कागेश्वरी मनोहरा नगरपालिका वडा नं ……., गाउँ टोल ………..

३. लिङ्गः महिला/ पुरूष/अन्य

४. जन्ममितिः ……………………..

५. अपाङ्ग भएमा वर्ग खुलाउनेः ………..

६. जाति/जनजातिः ………..

७. अध्ययनरत कलेज वा विश्वविद्यालयको नामः …………………………………………………..

८. कलेजको ठेगानाः ……………………………………..

९. अध्ययनरत तह संकाय र विषयः …………………………..

क) अध्ययनरत कलेजको किसिममा ठिक चिन्ह लगाउनेःसामुदायिक / संस्थागत /अन्य

१०.सम्बन्धित विषय पुरा अध्ययनका लागि लाग्ने शुल्कः…………………………..

११.न्यूनतम शैक्षिक योग्यताः…………………………..

१२.न्यूनतम शैक्षिक योग्यताको GPA/प्रतिशतः ………..

१३.पिताको नामथरः ……………………………………..

१४.आमाको नामथरः ……………………………………..

१५.पारिवारिक प्रमुख आयस्रोत र बार्षिक आम्दानी रकमः

क) कृषि

ख) बैदेशिक रोजगारी

ङ) वैदेशिक आय

च) अन्यः

ग) घरभाडा

घ) व्यापार

च) घर जग्गाको विवरण

१६. सूचना अनुसार माग गरिएका अन्य कागज प्रमाण पाना ……. सम्लग्न गरेको छु । यसमा लेखिएको र सम्लग्न कागज प्रमाण सहि साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला भनी सहिगर्नेः

**सम्बन्धित विद्यार्थीकोः**

| | | |
|---|---|---|
| नाम थरः …………………. | | |
| हस्ताक्षरः ………………….. | | |
| मितिः………………………….. | | |
| सम्पर्क नं.……………….. | | |

## अनुसूची २

मितिः      ।    ।

श्रीमान्  प्रमुख प्रशासकीय अधिकृतज्यू,

कागेश्वरी मनोहरा नगरपालिका

थली, काठमाण्डौ ।

बिषयः– **कबुलियतनामा सम्बन्धमा** ।

प्रस्तुत विषयमा म निवेदक ......................................को .................................................... ..........................................कलेज/विश्वविद्यालयमा स्नातक तह मा ...................................................................... बिषयमा ................... बर्ष देखि भर्ना भइ अध्ययनरत रहेकोले यस नगरपालिकाले प्रदान गर्ने आंशिक छात्रवृत्ति पाउन दरखास्त पेस गरेकोमा नगरपालिकाको छात्रवृत्ति सम्बन्धी कार्यविधि अनुसार तहाँ नगरपालिकाले मलाई उक्त विषय अध्ययनका लागि आंशिक छात्रवृत्तिमा मनोनयन गरेकोमा मैले अध्ययन पुरा गरे पश्चात ३ महिना भित्र नगरपालिकामा सम्पर्कमा आउनेछु । अध्ययन समाप्त भए पछि प्रचलित कानून बमोजिम म कलेज भर्ना हुनु पूर्व नै ................................................................ संस्थामा सेवा गर्ने कबुलियतनामा अनुसार सेवाका लागि खटाएको स्थानमा सेवा गर्ने छु । अन्यथा यसै नगरपालिकाले खटाए अनुसार बढीमा ६ महिना नगरपालिकाले उपलब्ध गराउने निर्वाह खर्च लिइ नगर पालिका भित्र सेवा गर्न मञ्जुर छु । अध्ययन समाप्ति भएको ३ महिना भित्र नगरपालिकामा सम्पर्कमा नआएमा वा यो कबुलियतनामा अनुसार सेवा नगरेमा नगरपालिकाले उपलब्ध गराउने सेवा सुविधा रोक्का गरेमा मेरो मन्जुरी छ । मैले पेस गरेका कागज प्रमाण र विवरण सहि साँचो हुन झुट्टा ठहरे कानून बमोजिम सहुला बुझाउला ।

**औठा छाप**

| दायाँ | बायाँ |
|---|---|
| | |

**निबेदकको**

नाम  थरः...................

हस्ताक्षरः...................

अध्ययन  गर्ने  बिषयः..................

अध्ययन  गर्ने  तहः  **................**

अध्ययन अवधिः ......... बर्ष.........महिना

अध्ययन  गर्ने संस्थाको नाम ठेगानाः  **..........**

अध्ययन  शुरू मितिः २०........

अध्ययन पुरा हुने मितिः .........

**ईति सम्वत् २०.............   साल ...................................   महिना ......   गते रोज .....   शुभम्**

**अनुसूची ३**

**आर्थिक रूपमा विपन्नताको सिफारिस ढाँचा**

श्रीमान् अध्यक्षज्यू
छात्रवृत्ति छनोट समिति
कागेश्वरी मनोहरा नगरपालिका, काठमाडौं।

**विषयः विपन्नको सिफारिस गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा, कागेश्वरी मनोहरा नगरपालिकाको यस वडा नं .... का स्थायी वासिन्दा ...........................................................................को नाति/नातिनि ........................ .............................................छोरा/छोरी श्री/सुश्री/श्रीमती ......................................... .....................मिति .............. देखि....................... सम्म ................................ सामुदायिक विद्यालयमा अध्ययन गरी एस.ई.ई.उत्तीर्ण गरेका विद्यार्थी हुन्। निजको/ निजका पारिवारको आर्थिक अवस्था न्यून रहेका कारणले विपन्न भएको देखिँदा निजलाई विपन्न व्यक्तिको लागि सुरक्षित गरिएको छात्रवृत्तिको आरक्षित स्थानमा उम्मेदवार हुन पाउने व्यवस्था गरिदिनुहुन यस वडाको मिति २०................................ गतेको निर्णय अनुसार सिफारिस गरिएको व्यहोरा अनुरोध छ।

माथि लेखिएको व्यहोरा ठीक साँचो छ, झुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

**<u>सिफारिस गर्नेकोः-</u>**

नामथरः
पदः
सहीः
मितिः
वडा कार्यालयः वडा नं............................ कार्यालयको छापः

.................................

आज्ञाले
पुरुषोत्तम सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिकावाट स्वीकृत मितिः २०८०।१२।४
प्रमाणिकरण मितिः २०८०।१२।४